जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी

राष्ट्रिय ३ दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०१५००३५६
इमेल : mgnd2070@gmail.com

बर्षः १२, अंकः २५ पृष्ठः ४ | २०८२ बैशाख ३० गते मंगलबार (Tuesday 13 May 2025) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## बिहे भोजले धनुषामा सय बढी बिरामी

जनकपुर, २९ वैशाख। बिहे भोजमा खाजा खाँदा धनुषाधाममा सय जनाभन्दा बढी बिरामी भएका छन्। धनुषाको मिथिला विहारी नगरपालिका–८ ठेरा कचुरीका नरेश महराको छोरीको बिहेमा खाजा खाँदा जन्तीसहित सय जना भन्दा बढी बिरामी भएका हुन्। जिल्ला जनस्वास्थ्य कार्यालय धनुषाका प्रमुख उमेश यादवका अनुसार राति जनकपुर उपमहानगरपालिका–२३ बिन्धीबाट ठेरा कचुरीमा जन्ती पुगेको थियो। स्वयम्बर सकिए लगतै खाजामा बुनियाँ, रसबरी लगायतका मिठाइ खुवाइएको थियो। खाजा खाएलगतै पेट दुख्ने, बान्ता हुने, कमजोर हुने क्रम चलेको घटनास्थलमा परिवारजन र बिरामीसँगको प्रतिक्रियापछि थाहा भएको प्रमुख यादवले जानकारी दिए। ४५ जना भन्दा बढी प्रादेशिक अस्पतालमा भर्ना भएको र अन्यको नजिकको क्लिनिक तथा अन्य अस्पतालमा उपचार भइरहेको प्रमुख यादवले बताए। केही भने उपचारपश्चात निको भएर घर समेत फर्किएका छन्। 'खाजामै प्वाइजन भएर बिरामी परेको हाम्रो अनुमान छ। घटनास्थल पुगेर हामीले खाजाको स्याम्पल ल्याएका छौं। ल्याबमा परीक्षण गरेर के कारणले भएको हो भन्ने पुष्टि हुन्छ,' यादवले भने।





- 'खाजामै प्वाइजन भएर बिरामी परेको हाम्रो अनुमान छ। घटनास्थल पुगेर हामीले खाजाको स्याम्पल ल्याएका छौं। ल्याबमा परीक्षण गरेर के कारणले भएको हो भन्ने पुष्टि हुन्छ,' यादवले भने।
- धनुषामा बिहे भोजमा खाजा खाँदा १०० भन्दा बढी मानिस बिरामी भएका छन्।
- बिरामीको पेट दुख्ने र बान्ता हुने समस्या देखिएपछि अस्पतालमा भर्ना गरिएको हो।
- खाजाको परीक्षण गर्न ल्याबमा स्याम्पल पठाइएको छ र कारण पत्ता लाग्ने अपेक्षा गरिएको छ।

## बार एसोसिएसनका पदाधिकारीबाटै अवैध असुली

राजविराज, २९ वैशाख। सप्तरी जिल्ला अदालत परिसरमै खुल्लेआम अवैध असुली भइरहेको पाइएको छ। संचारकर्मीलाई प्राप्त भिडियो क्लिपमा सप्तरी जिल्ला अदालत बार एसोसिएसनका पदाधिकारीले नै अवैध असुली गरिरहेको देख्न सकिन्छ। जिल्ला अदालतले वैशाख २४ गते लेखापढी व्यवसायीको प्रमाणपत्रका लागि आवेदन आह्वान गरेको थियो। आवेदकले १ सय १० रुपैयाँ दस्तुर तिर्नुपर्ने भनिएको छ। तर, बार एसोसिएसनकी कोषाध्यक्ष निलमकुमारी यादवले आवेदकसककंग ५ हजार १ सय १० रुपैयाँ माग्दै थर्काइरहेको भिडियोमा स्पष्ट देखिन्छ। अदालत परिसरमै रहेको बारको हलमा बसेर कोषाध्यक्ष यादवले असुली गरिरहेकी हुन्। 'आवेदन भर्नुछ भने ५ हजार १ सय १० रुपैयाँ तिर्नैपर्छ,' उनले भिडियोमा भनेकी छन्, 'चित्त बुझ्दैनकक भन्ने यहाँबाट गइहाल्नू।'

केही आवेदकले कोषाध्यक्ष यादवसककंग ५ हजार १ सय १० रुपैयाँको रसिद पनि मागेका छन्। तर, उनले रसिद दिन्नककं भनेकी छन्। अदालतले आह्वान गरेको आवेदनमा अदालतका नायब सुब्बा ललनकुमार कर्णलाई सम्पर्क व्यक्ति तोकिएको छ। तर, उनले आवेदकलाई फारम दिककंदैनन्। अदालतका स्रेस्तेदार कृष्णप्रसाद अधिकारीले त्यसको कानुनी दस्तुर १ सय १० रुपैयाँ मात्रै रहेको बताए। 'परीक्षा सञ्चालनदेखि उत्तरपुस्तिका जाँच गर्ने अनि प्रमाणपत्र दिनेसम्मका काम उहाँहरुले गर्ने

–बाँकी तीन पेजमा

## ध्रुव कन्स्ट्रक्सनका सञ्चालकविरुद्ध राजस्व छली मुद्दा

काठमाडौं, २९ वैशाख। राजस्व अनुसन्धान विभागले काठमाण्डौको बानेश्वरमा कार्यालय रहेको ध्रुव कन्स्ट्रक्सन प्रालिका सञ्चालक ध्रुव देवले कर छली गरेको देखिएको दाबी मुद्दा चलाएको छ। देवबाट १ अर्ब २१ करोड रुपैयाँ असुल उपर गर्नुपर्ने विभागको निष्कर्ष छ। राजस्व चुहावटसम्बन्धी कसूरमा अनुसन्धान सम्पन्न गरी उच्च अदालत पाटनमा मुद्दा दायर गरिएको विभागकी प्रवक्ता एवम् उपमहानिर्देशक कृष्णकुमारी श्रेष्ठले जानकारी दिए। ठेकापट्टा, कन्सल्टेन्सी सेवा तथा कन्स्ट्रक्सन सामान खरिद बिक्री कारोबार गर्ने कन्स्ट्रक्सन प्रालिका सञ्चालक देवले वस्तु तथा सेवाको हस्तान्तरण नगरी बिलबिजक मात्र जारी गरेको, खरिद कारोबारको भुक्तानी बैंककमार्फत नगरेको तथा बिजक सिलसिलेवार जारी नगरेको देखिएको विभागको आरोप छ।

–बाँकी अन्तिम पेजमा


## ढोढनाको राजदेवी मन्दिरमा चण्डी पूर्णिमा मेला, बिहानैदेखि भक्तजनको भिड



**मणिलाल विश्वकर्मा**

लहान, २९ बैशाख। सिराहाको लहान नगरपालिका–१५, ढोढनास्थित राजदेवी पञ्चावती मन्दिरपरिसरमा चण्डी पूर्णिमाको अवसरमा पशुबलीसहित भव्य मेला लागेको छ। पूर्व–पश्चिम लोकमार्गमा पर्ने लहानबाट करिब १० किलोमिटर उत्तरमा चुरे जंगलको फेदीमा रहेको मन्दिरपरिसरमा सोमबार बिहानदेखि हजारौँको संख्यामा पशुपक्षीको बली दिइएको छ। राजदेवी पञ्चावती मन्दिर संरक्षण विकास समितिका सचिव वीरेन्द्र चौधरीका अनुसार रातिसम्म करिब २० हजार बोका बली चढाइने अनुमान छ। हरेक वर्ष वैशाख शुक्ल पूर्णिमा अर्थात् बुद्धजयन्तीको दिन राजदेवीको भाकल अनुसार पूजाअर्चना गरे सन्तान प्राप्ति, रोगव्याधीबाट मुक्ति र

–बाँकी अन्तिम पेजमा




**स्वदेशी मौलिक उत्पादनको प्रवर्द्धन गरौं**

- हाम्रो मौलिक उत्पादन पहिचानमात्र होईन आय–आर्जनको स्रोत पनि हो,
- घरेलु र परम्परागत सीपमा आधारित उत्पादनको अभिबृद्धि गर्दै स्वावलम्बी र स्वरोजगार बनौं,
- स्थानीय सीप, क्षमता र कच्चा पदार्थको उपयोग गरौं,
- हस्तकला लगायतका व्यवसाय सानो पूजीँमा पनि थालनी गर्न सकिन्छ,
- स्वदेशी उत्पादनबाट आत्मनिर्भर बनौं,
- आयातित वस्तुको सट्टा स्वदेशी उत्पादनलाई प्रोत्साहन गरौं,
- अर्थतन्त्रमा योगदान गरौं, मुलुकलाई समृद्ध बनाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# सम्पादकीय

## अदालतबाट विवेक प्रयोगको अपेक्षा

सत्तारुढ गठबन्धनमा रहेको जनमत पार्टीका अध्यक्ष चन्द्रकान्त राउत (सीके) र त्यही पार्टीका कोषाध्यक्ष रहेका सुरेन्द्रनारायण यादवबीच घरजग्गासम्बन्धी विवादमा यादवलाई पक्रेर नेपाल प्रहरीले पटकपटक म्याद थप गरेर थुनामा राखेको छ। सम्भवतः यस्तै विवाद सामान्य नागरिकबीच भएको भए प्रहरीले यसरी पक्रेर थुनामा राख्ने थिएन। राष्ट्रिय स्वतन्त्र पार्टीका अध्यक्ष एवं निलम्बित सांसद रवि लामिछाने सहकारी बचत अपचलनको मुद्दामा थुनामा राखिएका छन्। उनलाई धरौटीमा छाड्ने जिल्ला अदालतको निर्णय उल्ट्याएर उच्च अदालतले थुनामा राख्न आदेश दिएपछि राताराति पक्राउ गरिएको थियो। बेरितसँग थुनामा राखिएको भन्दै दिइएको बन्दी प्रत्यक्षीकरणको रिट भने २२ दिन हुँदा पनि टुंग्याइएको छैन।

संघीय लोकतान्त्रिक गणतन्त्र खारेज गरेर तत्कालीन राजा ज्ञानेन्द्र शाहलाई राजगद्दीमा फर्काउन थालिएको आन्दोलनका क्रममा २०८१ चैत १५ गते काठमाडौंको तीनकुनेमा हिंसात्मक ताण्डव मच्चाइयो। त्यस ताण्डवका लागि दोषी ठहर गरी राष्ट्रिय प्रजातन्त्र पार्टीका केही नेताहरूलगायतलाई सोही दिन पक्रेर थुनामा राखिएको छ। उनीहरूमाथि राज्यले नयाँ नयाँ अभियोग लगाउँदै अनुसन्धानका लागि भनेर थुनामा राख्ने म्याद थप गराइरहेको छ।

माथिका उदाहरणहरूको प्रकृति समान नभए पनि प्रवृत्ति उस्तै देखिन्छ ( मिलेसम्म थुनामा राखेर 'तह' लगाउने। यादवका हकमा अप्रत्यक्ष र लामिछाने तथा तीनकुने ताण्डवका अभियुक्तलाई सकेसम्म लामो समय थुनामा राख्ने सम्बन्धमा सरकारको प्रत्यक्ष संलग्नता देखियो। उता अदालतले पनि थुनामा राख्नुको औचित्य खोज्नुको साटो म्याद थप गर्ने र सुनवाइ टार्ने गरिरहयो।

यी तीनवटै घटनामा देखिने नागरिकलाई थुनामा राखेर तह लगाउने प्रहरीको प्रपञ्चलाई न्यायालयले दिएको साथ सबैभन्दा ठूलो चिन्ताको विषय हो। कानुनमा आवश्यकता र औचित्य हेरेर म्याद थप गर्ने प्रावधान छ। सामान्यतः अदालतले पनि एक वा दुईपटकसम्म असुन्धानका समयमा प्रहरीलाई म्याद थप्ने गर्छ। तर, म्याद थपको अनुमति नै थुनामा राख्नमात्र मागिएको देखिने अवस्थामा न्यायमूर्तिले विवेक प्रयोग गर्नु उचित र आवश्यक देखिन्छ। बन्दी प्रत्यक्षीकरणको रिटमा २२ दिनसम्म सुनवाइ नहुनु स्वयंमा आश्चर्य र चिन्ताको विषय हो। नागरिकले बेरितमा थुनिन नपरोस् भनेर बिदामा बेलामा समेत बन्दी प्रत्यक्षीकरणको रिट हेर्ने व्यवस्था मिलाउने नेपालको सर्वोच्च अदालतमा आन्तरिक प्राविधिक कारण देखाएर सुनवाइ नहुनु अपत्यारिलो विडम्बना हो। सुनवाइ गरेर रिट खारेज गर्ने अधिकार अदालतसँग छँदैछ त !

# आर्यघाटमा मुर्दा बोल्यो, तर बोलेनन् जिउँदाहरू !

**केशव खतिवडा**

'हामी जिउँदा मानिस बोल्न सकेनौं, अनि आर्यघाटमा दाउरा नपाएर मुर्दा बोल्यो, खै हामीलाई जलाउने दाउरा ?' २०३१ पुस १३ गते भृकुटीमण्डपस्थित राष्ट्रिय सभागृहमा सूर्यबहादुर थापाले भनेका थिए। राजा वीरेन्द्रको जन्मोत्सव (भोलिपल्ट पर्ने)का अवसरमा आयोजना गरिएको उक्त कार्यक्रमको प्रमुख अतिथि प्रधानमन्त्री नगेन्द्रप्रसाद रिजाल थिए। तत्कालीन समयमा पशुपति आर्यघाटमा मृतकको दाहसंस्कार गर्ने दाउरा नपाएर शोकाकुल परिवार हैरान थिए। पैसा तिरेर पनि दाउरा पाउन कठिन थियो, (भैरव रिसालद्वारा लिखित 'उहिलेको नेपाल')।

उपर्युक्त विचार थापाबाट व्यक्त भए पनि समग्रमा देशको वर्तमान अवस्था जनाउने जनप्रतिनिधिको प्रतिनिधिमूलक आवाज थियो। यद्यपि सूर्यबहादुर थापा नेपाली राजनीतिक इतिहासका विरोध र समर्थनका जिउँदा र आकर्षक पात्र र प्रवृत्ति थिए। एकातर्फ उनी पञ्चायतका नाइके र जनमत संग्रहमा राज्यशक्तिको दुरुपयोग गर्दै धाँधलीपूर्ण ढंगले सुधारिएको पञ्चायती व्यवस्थालाई जिताउने नकारात्मक पात्रका रूपमा दर्ज भएका छन्। अर्कातर्फ दरबारभित्रको अवैध र आपराधिक शक्तिका रूपमा रहेको भूमिगत गिरोहको पर्दाफासकर्ता र बहुदलको पुनर्स्थापनापश्चात् पनि प्रधानमन्त्री भएका जिउँदा पात्र हुन्, तर निरंकुश पञ्चायती व्यवस्थाका कट्टर हिमायती थापाले निरंकुश राजाको जन्मोत्सवको उपलक्ष्यमा प्रशस्ति भजनका लागि आयोजना गरिएको कार्यक्रमा व्यंग्यात्मक ढंगले आर्यघाटमा मुर्दा बोल्यो भन्ने भनाइ राख्नु र भूमिगत गिरोहको पर्दाफास गर्नु भने निकै ठूलो साहसिक कदम मान्नुपर्छ। एउटा भनाइ शासकीय असक्षमतासँग सम्बन्धित छ भने अर्को भनाइ राज्यशक्तिको छद्म भेषमा गरिएको दुरुपयोग र यसले सिर्जना गरेको विकृत र विसंगतिसँग सम्बन्धित छ। समयका हिसाबले ५० वर्ष व्यतीत भएको छ। यतिखेर मुलुकले संघीय लोकतान्त्रिक गणतन्त्रको अभ्यास गरिरहेको छ।

वैश्विक प्रणालीले आफूलाई थप तिख्खर र निख्खर बनाउँदै लगेको छ। दुनियाँ एआईको युगबाट एजीआईको युगतर्फ पदार्पण गर्दै छ। ग्लोबलाइजेसनको स्वरूपमा पनि निरन्तर परिमार्जन हुँदै गएको छ। दुनियाँ बहु ध्रुवीय शक्ति केन्द्रमा विभाजित हुँदै गएको छ। समकालीन विश्वको परिवेशमा हाम्रो मुलुक भने निरन्तर भिजन, मिसन र एक्सनविहीन जेरोन्टोहरूबाट सञ्चालित दलतन्त्रको चंगुलमा फस्दै गएको छ। हुँदाहुँदा लोकतन्त्र नै दलतन्त्रको भेन्टिलेटरमा पुग्ने खतरा बढ्दै गएको छ, तर त्यसबाट प्रताडीत जिउँदा क्षेत्रहरू आर्यघाटमा मुर्दा बोलेजस्तो बोल्न सकिरहेका छैनन्। तसर्थ मिसन चौरासी होइन, भिजन चौरासीको बनाउने उद्देश्यका साथ पुनः आर्यघाटमा मुर्दा बोलेजस्तै देशैभरिका ज्युँदा यसरी बोल्नुपर्छ।

**अब जिउँदा यसरी बोलौं**

जारी हुँदैको बखत सर्वस्वीकार्य हुन नसकेको संविधान किन बोल्दैन, मलाई संशोधन गरेर समयानुकूल र जनअपेक्षा सम्बोधन हुने गरी सर्वस्वीकार्य बनाउ भनेर ! दलीय सिन्डिकेटले भेन्टिलेटरमा पुगेको लोकतन्त्र, संघीयता, गणतन्त्र र समावेशिता किन बोल्दैन– मलाई थप लोकतान्त्रिकीकरण गर, मलाई पूर्ण संघीय स्वरूप देउ, अनि म गणतन्त्रलाई संस्थागत विकास किन गरेनौ र ममाथि विरोध हुन थाल्यो, खबरदार मेरो अकाल हत्या गरौला भनेर !

किन बोल्दैनन् प्रदेशहरू, मलाई अधिकार सम्पन्न बनाउ भनेर ! किन बोल्दैनन् संवैधानिक अंगहरू, ममाथि बारम्बार हस्तक्षेप गरेर पङ्गु नबनाउ भनेर ! किन बोल्दैनन् दलहरू ? मलाई लोकतान्त्रीकरण गर भनेर। किन बोल्दैनन् प्रशासन र राजनीति– मलाई यति भ्रष्ट र तानाशाही नबनाउ, यो मेरो धर्म र कर्म होइन भनेर ! किन बोल्दैनन् गरिबी र सुशासन, म कहिले हुने हुनेखाने, भ्रष्टाचार र बेथितिको पिँजडामा कैद गरेर कहिलेसम्म गर्छौ मेरो नामको कालोबजारीकरण भनेर ! किन बोल्दैनन् गिरिबन्धु, यतिहोल्डिङ्स, ललिता निवास, वाइडबडी, भुटानी शरणार्थी, सहकारी ठगीजस्ता काण्डहरू– इतिहासमा मलाई कलंक बनाएर नराख छिटो न्यायिक छानबिन गर भनेर !

किन बोल्दैनन् दलका दोस्रो पुस्ताका नेताहरू, कहिलेसम्म गुटबन्दी गर्छौ र कहिले नेतृत्व हस्तान्तरण गर्छौ भनेर ! किन बोल्दैन नागरिक समाज, यावत् विकृतिको अन्त्य गर भनेर। किन बोल्दैनन् बन्न बाँकी ऐन–कानुन, मेरो भ्रूण हत्या नगर भनेर ! किन बोल्दैन् अर्थनीति, मलाई अनियन्त्रित उदारवादको सिकार नबनाउ भनेर ! किन बोल्दैन परराष्ट्र नीति, मलाई अन्तर्राष्ट्रिय रूपमा बदनाम हुने गरी असन्तुलित र लम्पसारवादी नबनाउ भनेर ! किन बोल्दैनन् विद्यार्थी, मलाई मेरो देशमा पढ्ने वातावरण बनाइदेउ भनेर ! किन बोल्दैनन् स्वास्थ्य र शिक्षा– मलाई माफियाकरणबाट मुक्त गर भनेर !

किन बोल्दैनन् असंलग्नता र पञ्चशीलका सिद्धान्त, अब म तिमीहरूलाई अन्तर्राष्ट्रिय अदालतमा मुद्दा हाल्छु भनेर ! किन बोल्दैन न्यायालय मलाई हेदाहेर्दैको सिकार नबनाउ भनेर ! किन बोल्दैनन् बेरोजगार– कहिलेसम्म मलाई विदेशमा बेच्छौ, मेरो पसिना र रगतको मूल्यका रूपमा भित्रिएको रेमिटान्समाथि रजगज गर्छौ भनेर ! किन बोल्दैन हिमाल र पहाड, म रित्तिएँ भनेर ! किन बोल्दैन तराई, मैले अत्यधिक जनघनत्वको चाप थाम्न सकिनँ भनेर ! किन बोल्दैन वन–जंगल र वातावरण, म समाप्त हुने गरी मेरो दोहन नगर भनेर !

किन बोल्दैन बाँदर र अन्य जंगली जनावर, मेरो आहारा खोई भनेर ! बाँझो खेत र सुकेका कुलाहरू किन बोल्दैनन्, मलाई खेती गरी हराभरा बनाउ र मर्मत गरी पानी चलाउ भनेर ! भत्केका भौतिक संरचनाहरू किन बोल्दैनन्, मलाई कहिलेसम्म अंगभंग भएको अपांग अवस्थामा राख्छौ भनेर ! किन बोल्दैनन्, आमउपभोक्ताहरू मलाई कालोबजारको सिकार नबनाउ भनेर ! किन बोल्दैन लोडसेडिङ, मलाई दैनिक सराप्ने नबाउ भनेर ! किन बोल्दैनन् खोलानाला– हामी नेता र दलालको झोलामा जाँदैनौ, अनि कौडीको भाउमा नबेच भनेर ! किन बोल्दैनन् दलहरू, मेरा लागि सबै सदस्य समान हुन् भनेर ! किन बोल्दैन चुरे, मलाई अत्यधिक दोहन गरेर देशलाई मरुभूमि नबनाउ भनेर ! किन बोल्दैन सगरमाथा, मलाई अन्तर्राष्ट्रिय रूपमा बेइज्जत नगर भनेर ! किन बोल्दैन लुम्बिनी, विश्वमा शान्तिको सन्देश दिने मुलुक आफैँ सधैँ अशान्ति छ भनेर इत्यादि !

२०३१ सालमा आर्यघाटमा मुर्दाको आवाज सूर्यबहादुरले बोल्दा सञ्चारका साधन अत्यन्त सीमित थिए। वाक् स्वतन्त्रता थिएन। सरकारी स्तरबाट सञ्चालित रेडियो नेपाल र गोरखापत्रजस्ता माध्यममा पनि सेन्सरसिप लागु गरिएको थियो। अहिलेको जस्तो निजी रेडियो, टेलिभिजन, पत्रपत्रिका, अनलाइन मिडियाहरू र सामाजिक सञ्जालहरूको विकास भएको थिएन। नागरिक समाज संगठित थिएन, तर आजको खुला परिवेशमा समेत जनताका यी आवाज जिम्मेवारीका साथ बोल्ने जिउँदा दल र नेता नेपाली जनताले पाएको आभास व्यवहारमा गर्न सकेका छैनन्। योभन्दा ठूलो विडम्बना र दुखान्त के हुन सक्छ ! लाग्छ, मुलुक यतिखेर 'मेगालोमेनियाक'बाट ग्रसित 'काकिस्टोक्रेसी'बाट गुज्रिरहेको छ। तसर्थ अब बालिग वा मताधिकार प्राप्त प्रत्येक नागरिकले आफैँ बोल्नुपर्छ। तब मात्र सिंगो राष्ट्र बोल्छ। जब सिंगो राष्ट्र बोल्छ, तब मिसन चौरासी भिजन चौरासीमा परिणत हुनेछ। नत्र थप दुःख र कष्टका साथ परिवर्तनका लागि निरन्तर संघर्ष गर्दै ०८९ को निर्वाचन पर्खनुपर्ने छ। थप पाँच वर्ष त्यसै खेर जानेछ।

*बार एसोसिएसनका...*

भन्ने मैले सुनेको छु, त्यसमा थोरै पैसा चाहिन्छ तर त्यत्रो पैसा नउठाउनुपर्ने हो,' उनले भने, 'त्यो गलत हो, त्यसलाई सुधार गर्छौं।' बार एसोसिएसनका अध्यक्ष कामेश्वर यादवले पैसा उठाइरहेको विषय स्वीकार गरे। 'कानुनले त दिककदैन तर व्यावहारिक पनि त केही हुन्छ नि, भेटेर कुरा गर्नु न। सबै कुरा फोनमा कहाँ हुन्छ र,' उनले भने।

# विवाह जीवनको सुरुवात हो कि ऋणको ?



**डा. बालकृष्ण साह**

समाज अहिले यस्तो मोडमा आइपुगेको छ, जहाँ विवाहको अर्थ बिस्तारै हराउँदैछ। 'विवाह', जसको मूल उद्देश्य हो जीवनसाथी सँगको समझदारी, प्रेम र सामाजिक स्थायित्व हो। यो वंश वा मानव जातिलाई निरन्तरता दिने वैज्ञानिक आधार पनि हो। तर आडम्बरी खर्च, देखासिकी र ऋणको जालोमा अल्झिएको छ विवाह। अब विवाह 'संस्कार' होइन, 'शो' बनेको छ। विवाह 'सम्बन्ध' होइन, 'प्रतिस्पर्धा' बनिसकेको छ।

**रमेशको कथा : प्रेमले होइन, ऋणले रचिएको विवाह**

रमेश एक सामान्य परिवारको छोरो हो। ऊ जागिर खाएर जीवन चलाइरहेको छ। उसले सरल विचारकी युवती सरितासँग प्रेम विवाह गर्ने निर्णय गर्छ। उसको सोच हुन्छ– सादा विवाह गर्छु, आफ्नै जीवनलाई प्राथमिकता दिन्छु। तर जब विवाहको कुरा परिवार र समाजसम्म पुग्छ, सबैभन्दा पहिले उठ्ने कुरा हुन्छ, 'कति तामझाम गर्ने ? कुन होटल वा पार्टी प्यालेसमा गर्ने ? ५० जना पाहुना नै हुन्छन्, अनि साथीभाइ, गाउँले गरी ५०० लाई निम्तो नगरी कसरी हुन्छ ? बेहुलीलाई छड्के तिलहरी, रानीहार, शीरमा चन्द्रमा, आदि गरेर गहना कम्तिमा १०–२० तोला त चाहियो। भन्यूमा रिसेप्सन र डेकोरेसन भव्य हुनै पर्‍यो। अलिअलि त देखाउनै पर्छ, नत्र इज्जत जान्छ। रमेशको आमाबाबु ऋण लिन बाध्य हुन्छन्। उसले बैंकबाट व्यक्तिगत ऋण निकाल्छ। सरिता रोइन्। 'हामी सादा विवाह गर्न सक्थ्यौं, किन समाजको इज्जत किन्न ऋण लिने ?' सोच थियो उनको। तर त्यसो हुन सकेन।



- विवाह अहिले देखासिकी र ऋणको जालोमा फसेको छ, जसले यसको मूल अर्थलाई हराएको छ।
- सादा विवाह र सामाजिक संस्कारको पुनः मूल्यांकन गर्न आवश्यक छ, जसले प्रेम र समझदारीलाई प्राथमिकता दिनु पर्छ।
- विवाहको परिभाषा परिवर्तन गर्न र सरलता अपनाएर सामाजिक र आर्थिक बोझबाट मुक्ति पाउन सकिन्छ।

विवाह भयो। भोज भयो। नाचगान भयो। सबैले बधाई दिए। तर विवाह सकिएको भोलिपल्टदेखि रमेशको घरमा सन्नाटा मात्र रह्यो। बुबा ऋणको चपेटामा परे। रमेशको मासिक तलब ब्याज तिर्नमै सकिन थाल्यो। सरितालाई के–के गर्ने सपना थियो तर अब सपना बिर्सन थालिन्। रमेश सोच्न बाध्य भयो–के यही हो प्रेमको सुरुआत?" विवाहको नाममा गरिने ऋण–सामाजिक अपराध होइन र? यो कथा रमेशको मात्रै होइन। हरेक वर्ष हजारौं युवाहरू विवाहको नाममा ऋणमा डुब्छन्। मध्यवर्गीय र निम्नवर्गीय परिवार समाजको देखासिकी संस्कृतिको दबाबमा परेर आफ्ना छोराछोरीको विवाहका लागि ऋण लिन्छन्, जग्गा बेच्छन्। गहना धितो राख्छन्। जीवनभर जम्मा गरेको पैसा खर्च गर्छन्। सोचौँ त, के यही हो 'संस्कार'? संस्कार त प्रेम, विश्वास र समझदारी हो। तर, आजको विवाह त एक प्रकारको 'सामाजिक हिंसा' बनिसकेको छ। वैकल्पिक सोचः सादा विवाह, समृद्ध जीवन अब समय आएको छ, हामी विवाहको परिभाषा फेर्न सकौँ। भड्किलो भोज होइन, साधा खाजाले पनि पुग्छ देखासिकी गहना होइन, मिलेर भविष्य बनाउने सपना आवश्यक छ।

ऋण लिएर इज्जत देखाउनु होइन, ऋण नलिएर आत्मगौरव जोगाउनु ठूलो कुरा हो। सादा विवाह कुनै 'कन्जुस्याइँ' होइन–यो सामाजिक विवेक हो। निष्कर्षः संस्कार बनाऔं, बोझ होइन। समाज अब परिवर्तनको घडीमा छ। हामीले यदि अझै आँखा नखोलेमा, विवाह नामको पवित्र संस्कार 'सामाजिक अपराध'मा परिणत हुनेछ। अतः 'सादा विवाह गरौं, समृद्ध जीवन सुरु गरौं। एक दिन 'शो' गरेर जीवनभर ऋणको तनाव बोक्नु भन्दा सादा विवाह जीवन तनावमुक्त जीवन बिताउनु उत्तम विकल्प हुन्छ।

# अभियुक्तहरू ५० हजार जरिबानामा छुटे, साढे ११ हजार बचतकर्ता हेरेको हेर्‍यै

**कृष्ण अधिकारी**

नेपालगञ्ज, २९ वैशाख। नेपालगञ्जको सहकारी वित्तीय विकास संस्था लिमिटेडमा बचतकर्ताहरुको ३८ करोड १७ लाख रुपैयाँ घोटाला भएको तथ्य सार्वजनिक भएको साढे ५ वर्ष भयो। सहकारी सञ्चालक, कर्मचारी र लेखा परीक्षक सहित ४१ जना मिलेर १० वर्षदेखि नक्कली कागजपत्र बनाइ बचतकर्ताले जम्मा गरेको रकम अपचलन र ठगी गर्दै आएका थिए। बचतकर्ताको रकम घोटाला भएको दाबी गर्दै जिल्ला सरकारी वकिलको कार्यालय बाँकेले २८ असोज २०७६ मा सहकारी ऐन, ठगी र संगठित अपराध कसुरमा सहकारी अध्यक्ष, सञ्चालक समिति सदस्य, कर्मचारी सहित ४१ जनाविरुद्ध जिल्ला अदालत बाँकेमा मुद्दा दर्ता गरेको थियो।




सहकारी घोटालामा संलग्न रहेको अभियोगका पक्राउ परेका करिब तीन दर्जन अभियुक्तमध्ये जिल्ला अदालतबाट भएको थुनछेक आदेशपछि ७ जना कारागार चलान भए पनि बाँकी धरौटीमा रिहा भए। सहकारी घोटालाको करिब ४ वर्षपछि २६ पुस २०८० मा जिल्ला अदालतका न्यायाधीश इन्द्रबहादुर कठायतको इजलासले ४१ प्रतिवादीमध्ये १९ जनामाथि कसुर ठहर गर्‍यो। सहकारी पीडित आन्दोलन समिति संयोजक आशुतोष तिवारीका अनुसार सहकारी घोटालामा संलग्नमध्ये ७ जना मुख्य अभियुक्त अदालतले तोकेको बिगो रकम जम्मा नगरी ४ देखि ५ वर्ष कैद सजाय पूरा गरी ५० हजारसम्म जरिबाना तिरेर तारेखमा रिहा भए। तर, ११ हजार ४ सय ८ बचतकर्ताले सहकारी बन्द भएको साढे ५ वर्ष बितिसक्दा पनि सहकारीबाट १ रुपैयाँ पनि फिर्ता पाएका छैनन्।

सहकारीको रकम हिनामिनामा संलग्न मुख्य अभियुक्त कर्जा फाँट प्रमुख अरुण पाठकलाई २४ करोड ९१ लाख बिगो भराइ ५ वर्ष कैद र ५० हजार जरिबाना गर्ने आदेश थियो। मुख्य अभियुक्त पाठक ५ वर्ष कैद र ५० हजार जरिबाना तिरेर तारेखमा रिहा भए। पाठकले हालसम्म पनि बिगो बराबरको २४ करोड ९१ लाख रकम जम्मा गरेका छैनन्। त्यसैगरी सहकारीका प्रमुख प्रबन्धक गोपाल भण्डारीबाट ४ करोड ४८ लाख ९ सय ५९, व्यवस्थापकीय भूमिकामा रहेका कर्मचारी गंगाधर सुवेदीबाट २ करोड ८३ लाख ७३ हजार २ सय ९५, किरण श्रेष्ठबाट ८६ लाख ३५ हजार ४ सय ५४, गौरवकुमार श्रेष्ठबाट १ लाख २९ हजार ४ सय ९१, खजुरा शाखा प्रमुख सूर्यबहादुर बिकबाट ३३ लाख ६० हजार ६ सय ८१, बलराम यादवबाट ५३ लाख ६९ हजार ६ सय ५२, लिलाप्रसाद वलीबाट ८९ लाख २९ हजार ७ सय २५ र सुरतराम खटिकबाट ९८ लाख ४८ हजार २ सय ७४ रुपैया बिगो भराउन अदालतको आदेश थियो।

ती सबैलाई ५ वर्ष कैद र ५० हजार जरिबाना पनि तोकिएको थियो। सबैजना ५ वर्ष कैद पूरा गरी जरिबाना तिरेर तारेखमा रिहा भइसकेका छन्, तर कसैले पनि बिगो रकम भरेका छैनन्। बचतकर्ताले साढे ५ वर्षदेखि नेपालगञ्जमा दर्जनौ पटक सडक आन्दोलन, बाँकेका प्रमुख जिल्ला अधिकारीदेखि काठमाडौं पुगेर प्रधानमन्त्री सम्मको ध्यानाकर्षण, जिल्लादेखि उच्च अदालतसम्म मुद्दा दायर गर्दा पनि आफैंले जम्मा गरेको रकम फिर्ता पाउन सकेका छैन। 'हाम्रो देशमा गरिब विपन्न र पहुँच नभएका नागरिकका लागि न्याय पाउन निक्कै गाह्रो छ। साढे ५ वर्षदेखि सडक आन्दोलन, अदालतमा मुद्दा मामिला गर्दा पनि बचत फिर्ता पाउन सकेका छैनौं। यसका लागि पनि मेरो थप २ लाखभन्दा धेरै खर्च भइसक्यो,' तिवारी भन्छन्, 'बचतकर्ताले अझै कति वर्ष आन्दोलन र मुद्दा मामिला गर्नुपर्ने हो, टुंगो छैन।'

बिगो दाबी भएका आर्थिक अपराध सम्बन्धी मुद्दाका जानकार कानुन व्यवसायी लोकबहादुर शाहका अनुसार यस्तो मुद्दाको सुनुवाइ प्रक्रिया अत्यन्त झन्झिटिलो हुन्छ। मुद्दाको किनारा लाग्न धेरै समय लाग्छ। अहिले मुद्दा जिल्ला अदालत हुँदै उच्च अदालत पुगेको छ। उच्च अदालतबाट किनारा लाग्न पनि समय लाग्छ। उच्च पछि मुद्दा सर्वोच्चमा पनि पुग्न सक्छ र त्यहाँबाट किनारा लाग्न पनि वर्षौ लाग्न सक्छ। 'सर्वोच्चबाट किनारा लागेपछि बिगो भराउने प्रक्रिया सुरु भएर रकम पाउन पीडितले अझै कति समय पर्खनुपर्छ कुनै टुंगो हुँदैन,' उनले भने, 'अदालतबाट मुद्दाको टुंगो लागेपछि पनि पीडितले बिगो कायम भएको रकम फिर्ता पाउने सम्भावना अत्यन्तै कम हुन्छ।'

आर्थिक अपचलन सम्बन्धी अधिकांश मुद्दाका अपचलनकर्ताको नाममा अपचलन भएको रकमभन्दा निकै कम जायजेथा हुन्छ। कायम भएको बिगोभन्दा जायजेथा कम हुँदा अदालतले भराइ दिनू भनेर आदेश लिए पनि पीडितले रकम पाउने सम्भावना कम हुन्छ। बाँके जिल्ला अदालतको फैसलापछि सहकारी घोटाला मुद्दा उच्च अदालत नेपालगञ्ज इजलास पुगेको छ। उच्च अदालत सरकारी वकिलको कार्यालयले ४ मंसिर २०८१ मा जिल्ला अदालतको आदेश बदरभागीको माग गर्दै उच्च अदालत तुल्सीपुरको नेपालगञ्ज इजलासमा पुनरावेदन गरेको छ। उच्च अदालत सरकारी वकिलको कार्यालयले बचतकर्ताको रकम हिनामिनामा वित्तीय विकास संस्थाका अध्यक्ष, सञ्चालक समिति सदस्य, कर्मचारी सहितले संगठित अपराध गरे पनि जिल्ला अदालतले संगठित अपराधको कसुरको मागबाट सफाइ दिने फैसला त्रुटिपूर्ण भएको जनाउँदै संगठित अपराध कसुरमा सजाय र बचतकर्ताको रकम ब्याजसहित फिर्ता दिलाइ पाउन माग गरेको छ।

उच्च अदालतले सहकारी घोटाला मुद्दा सुनुवाइ प्रक्रिया भर्खरै सुरु गरेका कारण उच्च अदालत नेपालगञ्जबाट मुद्दाको अन्तिम किनारा कहिले लाग्छ भन्ने कुनै टुंगो छैन। जिल्ला अदालतले सहकारी संस्था सञ्चालक समितिउपर मुद्दा परी अन्तिम भई नसकेकाले सञ्चालक समिति विघटन गर्न आदेश यसअघि नै दिएको थियो। साढे ५ वर्षदेखि सहकारी बन्द छ। पुरानो सञ्चालक समिति विघटन भए पनि नयाँ समिति गठन नभएका कारण सहकारी संस्थाको ऋण असुली र बचत फिर्ता लगायत सम्पूर्ण गतिविधि बन्द छन।

**अदालतको आदेश सहकारी विभागले नर्टेदा बचतकर्ताको रकम फिर्ता प्रक्रिया सुरु भएन**

जिल्ला अदालतले सहकारी डिभिजन कार्यालय प्रमुख, लुम्बिनी प्रदेश सरकारका सहकारी विभागका रजिस्ट्रार, जिल्ला प्रशासन कार्यालय बाँकेका राजपत्रांकित कर्मचारी प्रतिनिधि, नेपालगञ्ज उपमहानगरपालिकाका सहकारी विभाग प्रमुख, जाहेरवाला ५ जना प्रतिनिधि समेत रहने गरी तदर्थ समिति गठन गर्ने र विशेष साधारणसभा आह्वान गरी सञ्चालक समिति गठन प्रक्रिया सुरु गर्न आदेश दिएको थियो। अदालतको आदेशपछि जिल्ला अदालतका श्रेस्तेदार गोविन्द आचार्यले ११ फागुन २०८० मा सहकारी विभाग काठमाडौंलाई पत्र लेखेर फैसला कार्यान्वयन गरी त्यसको जानकारी जिल्ला अदालत बाँकेलाई दिन निर्देशन दिएका थिए।

जिल्ला अदालतले फैसला कार्यान्यन गरी त्यसको जानकारी दिन निर्देशन दिएको ९ महिना बितिसक्दा पनि विभागले फैसला कार्यान्वयनबारे जानकारी नगराएको जनाउँदै जिल्ला अदालत बाँकेले ७ मंसिर २०८१ मा पुनः विभागलाई ताकेता पत्र काटेर फैसला कार्यान्वयन गरी यथाशीघ्र जानकारी दिन निर्देशन दिएको छ। दोस्रो पटक तोकतापत्रको पनि कुनै जवाफ आएको छैन। '११ हजारभन्दा धेरै बचतकर्ताको ३८ करोडभन्दा बढी रकम घोटाला भएको साढे ५ वर्ष बितिसक्दा पनि सरकार बचतकर्ताको रकम फिर्ता गर्ने मामिलामा गम्भीर देखिएन,' बचतकर्ताका कानुन व्यवसायी विजय गुप्ता भन्छन्, 'अदालतको निर्देशनलाई सरकार मातहतको सहकारी विभागले एक वर्षसम्म प्रतिक्रिया नजनाउनुले गैरजिम्मेवारीको हद पार गरेको छ।'

साढे ५ वर्षदेखि सहकारी बन्द हुँदा बचतकर्ताले ऋण तिरेर घरजग्गा फुकुवा गर्नसमेत पाएका छैनन्। कोहलपुर नगरपालिका–१० की विष्णुकुमारी खत्रीले सहकारीबाट लिएको कर्जा चुक्ता गरेर जग्गा फुकुवाका लागि सहकारीमा निवेदन दिँदा पनि कर्मचारीले अको पटक ऋण लिन सहज हुन्छ भनेर जग्गा फुकुवा गर्न आलटाल गरेको र साढे ५ वर्षदेखि सहकारी बन्द हुँदा जग्गा फुकुवा गर्न नपाएको बताइन्।

# कहाँ धेरैले घट्यो जग्गाको भाउ?

काठमाडौं, २९ वैशाख। अहिले घरजग्गाको मूल्य उच्चले घटेपछि बैंक तथा वित्तीय संस्थामा राखिने जग्गाको धितोको मूल्यांकन गरेका इन्जिनियरहरू समस्यामा पर्न थालेका छन्। नेपाल भ्यालुएटर्स एसोसिएसनका अनुसार अहिले मुलुकका विभिन्न स्थानमा जग्गाको मूल्य औसत ३० प्रतिशतले घटेको छ। तराइका कतिपय क्षेत्रमा ४० प्रतिशतसम्म र गौतमबुद्ध विमानस्थल नजिकका क्षेत्रमा जग्गाको भाउ आधाभन्दा धेरैले घटेको छ। सबैभन्दा धेरै भाउ घट्नेमा मधेश प्रदेश रहेको छ यो प्रदेशमा ४० प्रतिशतसम्म भाउ घटेको एसोसिएसनले बताएको छ। एसोसिएसनका अनुसार सप्तरी, सिरहा, धनुषा लगायतका क्षेत्रमा जग्गाको भाउ उच्चले घटेको हो। त्यसपछि लुम्बिनी प्रदेशमा मूल्य घटेको एसोसिएसन बताउँछ। यस क्षेत्रमा पनि ३० देखि ४० प्रतिशतले जग्गाको मूल्य घटेको छ। 'सबैभन्दा धेरै गौतम बुद्ध विमानस्थल पुग्ने सडक आसपासका जग्गाको मूल्य घटेको छ,' एसोसिएसनका अध्यक्ष इन्जिनियर सञ्जय कुमार महतोले भने, 'त्यहाँ पहिले१५ देखि २० लाखमा पाइने जग्गा अहिले पाँचदेखि सात लाख रूपैयाँमा पनि बिक्री नहुने अवस्था आएको छ।' त्यो क्षेत्रमा मात्रै जग्गाको मूल्य ५० प्रतिशतभन्दा धेरैले घटेको महतोले बताए। एसोसिएसनका अनुसार त्यसपछि जग्गाको मूल्य धेरै घट्नेमा सुदूरपश्चिम र कर्णाली प्रदेश रहेका छन्। यी क्षेत्रमा पनि ३० प्रतिशत हाराहारीसम्म जग्गाको भाउ घटेको छ। कोशी, बागमती र गण्डकी प्रदेशमा भने जग्गाको भाउमा खासै धेरै मूल्य परिवर्तन आएको छैन।

यी प्रदेशका केही क्षेत्रमा ५ देखि १० प्रतिशतले मूल्य घटेको देखिए पनि काठमाडौं उपत्यकामा भने जग्गाको मूल्यमा खासै परिवर्तन नआएको एसोसिएसनले उल्लेख गरेको छ। 'काठमाडौंका कतै पनि क्षेत्रमा जग्गाको भाउ घटेको देखिदैन,' महतोले स्पष्ट पारे, 'किनबेच भए पनि मूल्य नै घटेको खासै पाइएको छैन।'

**जग्गाको भाउ ६६ प्रतिशतसम्म घट्यो ! धितो मूल्यांकनकर्ता भन्छन कालो सूचीमा पर्न थाल्यौं**

केही स्थानमा जग्गाको भाउ उच्चले घटेको कारण बैंक तथा वित्तीय संस्थामा राखिने धितोका मूल्यांकनकर्ताहरू कालो सूचीमा पर्ने क्रम बढ्न थालेको मूल्यांकनकर्ताहरूले बताएका छन्। 'अहिले मुलुकका विभिन्न स्थानमा जग्गाको मूल्य औसत ३० प्रतिशतले घटेको छ,' नेपाल भ्यालुएटर्स एसोसिएसनका अध्यक्ष इन्जिनियर सञ्जय कुमार महतोले भने, 'तराइका कतिपय क्षेत्रमा ४० प्रतिशतसम्म र गौतमबुद्ध विमानस्थल नजिकका क्षेत्रमा जग्गाको भाउ ६६ प्रतिशतसम्म घटेको छ।' राष्ट्र बैंकले जारी गरेको एकीकृत निर्देशन अनुसार बैंकहरूले धितो लिलामीको क्रममा पुनर्मूल्यांकन गर्दा धितो मूल्यांकनकर्ताले पहिले मूल्यांकन गरेको रकमभन्दा दुई तिहाई कम भएमा वा गलत स्थान प्रकृतिको धितोलाई सही हो भनेर मूल्यांकन गरेमा कालो सूचीमा समावेश गर्न सकिने व्यवस्था गरिएको छ। त्यस्ता धितो मूल्यांकनकर्तालाई बैंक तथा वित्तीय संस्थाको सिफारिसमा कर्जा सूचना केन्द्रले कालो सूचीमा समावेश गर्नुपर्ने व्यवस्था छ।

महतोका अनुसार अहिले दुई सय मूल्यांकनकर्तालाई कालो सूचीमा राख्न भन्दै बैंकहरूबाट पत्राचार भएको छ। गत माघयता मात्रै १५ जना यस्ता मूल्यांकनकर्ता कालो सूचीमा परेका छन्। 'म संघको नेतृत्वमा आएको केही महिना मात्रै भएको छ, तर यो अवधिमा एकैदिन ५६ वटासम्म यस्तो पत्र आयो,' महतोले भने, 'यो सामान्य अवस्था होइन, त्यसैले नियामक निकायहरूले यो कुरा बुझ्नुपर्छ।' राष्ट्र बैंकले असामान्य अवस्था भए पनि नियमले नै मूल्यांकनकर्ताहरूलाई राहत दिएको बताएको छ। 'काबु बाहिरको अवस्थामा कालो सूचीमा राख्न नपर्ने व्यवस्था छ, यस्तो अवस्थामा उहाँहरूले अन्याय भयो भनेर कानुनी उपचार खोज्न सक्नु हुन्छ,' राष्ट्र बैंकका कार्यकारी निर्देशक गुरू प्रसाद पौडेलले भने, 'तर, लापर्बाही, गैर जिम्मेवारीपनाको कारण आएका समस्यामा केही गर्न सकिने अवस्था रहँदैन।'

मूल्यांकनकर्ताको काबु बाहिरको अवस्थाको कारण धितो लिलाम गर्दा मूल्यांकन रकमको दुई तिहाईभन्दा कम रकम मात्र उठे बैंकहरूले कालोसूचीमा नराख्ने निर्णय गर्न सक्ने व्यवस्था छ। यसमा मूल्यांकनकर्ताको दोष नदेखिएको भन्ने बैंकहरूको सञ्चालक समितिलाई लागेमा त्यस्तो मूल्यांकनकर्तालाई कालोसूचीमा नराख्ने निर्णय गर्न सक्ने व्यवस्था राष्ट्र बैंकको एकीकृत निर्देशनले नै गरेको छ। तर, यसले मात्रै समस्या समाधान नभइरहेको संघ बताउँछ। 'जग्गाको मूल्य रेकर्ड सरकारका कुनै पनि निकायसँग छैन,' महतोले थपे, 'हामीले मानेको मूल्य नै अभिलेख भएको आधिकारिक रेकर्ड हुन्छ, हामीले चलनचल्तीमै भाउ लिने हो, ५/१० वर्षपछि त्यसको भाउ घट्छ भने त्यसको भागीदार हामी भइरहनुपर्ने व्यवस्था ठिक होइन।' अहिले सरकारी मूल्यांकन अनुसार घरजग्गाको किनबेच हुँदैन। धेरैजसो स्थानमा सरकारी मूल्यांकनभन्दा बढी मूल्यमै किनबेच भएको हुन्छ। स्वामित्व हस्तान्तरणको क्रममा समेत मालपोतहरूमा किनबेच भएकै मूल्यमा जग्गा नामसारी हुँदैन।

त्यसैले पनि सरकारले जग्गाको मूल्य सूचक (प्रोपर्टी भ्यालु इन्डेक्स) गणना गर्ने र सार्वजनिक गर्नुपर्ने उनीहरू बताउँछन्। हुनतः केही वर्षअघि नेपाल राष्ट्र बैंकले त्रैमासिक रूपमा जग्गाको मूल्य सूचक सार्वजनिक गर्न थालेको थियो। तर, यसलाई निरन्तरता दिन सकेन। जग्गाको वास्तविक मूल्य लिन समस्या भएको भन्दै राष्ट्र बैंकले पनि यसबाट हात झिकेको थियो।

# किसानका दुःख– आँप फलेकै छैन, निलगाईले तरकारी सखाप

**कमलेश ठाकुर**

जनकपुर, २९ वैशाख। धनुषा बटेश्वर गाउँपालिका–१ का रामउदगार महतोलाई तरकारी खेतीमा लामो अनुभव छ। उनीसँग उर्वर खेतीयोग्य जमिनको कमी पनि छैन। तर उनी बिस्तारै कृषिकर्मबाट टाढा हुँदै छन्। कारण हो, निलगाई। दुःखजिलो गरी लगाएको बाली भित्र्याउने बेला निलगाईले आएर सखाप पारिदिँदा उनी आजित छन्। 'यहाँका किसान तरकारी र आँप खेती गर्छन्। अन्य बाली यहाँ खासै हुँदैन,' उनी भन्छन्, 'तर यसवर्ष आँप फलेकै छैन। तरकारी निलगाईले सखाप पारिदियो।' तरकारी खेतीबाटै जीवन निर्वाह गर्दै आएका रामउदगार हिजोआज ज्यालादारी कामका लागि भौंतारिन थालेका छन्।



आम्दानीको मुख्य स्रोत तरकारी निलगाईले सखाप पारिदिएपछि अहिले दैनिक ज्यालादारीमा राजमिस्त्रीको काममा लागिरहेको उनी बताउँछन्। समूहमा आउने निलगाईले तरकारी खाइदिने उनको गुनासो छ। लगानी बराबरको पनि आम्दानी नहुने भएपछि अरु काम खोज्नुपरेको उनी बताउँछन्। यस्तै पीडामा छिन्, सोही गाउँकी ६६ वर्षीया सोनावती महतो। घरछेवैमा आएर तरकारी बाली निलगाईले खाइदिने गरेको उनले बताइन्। परिवारका सबै सदस्य मिलेर दुई बिघा जमिनमा तरकारी खेती गर्दै आएकी थिइन्। वार्षिक दुई लाख बराबरको तरकारी निलगाई सखाप पार्ने गरेको उनले सुनाइन्। 'यस क्षेत्रमा बाँदर र निल गाईले १० वर्षदेखि किसानलाई दुःख दिइरहेका छन्,' उनले भनिन्, 'डेढ वर्षअघि स्थानीय सरकारले बाँदर त भगाए। तर, निलगाई छँदैछन्। जसले हरेक किसानको बाली एकै रातमा सखाप गर्दिन्छ।'

सोही वडाका हरिसचन्द्र महतो पनि निलगाईबाट पीडित छन्। उनले सात बिघा जमिनमा आँप र तरकारी खेती गरिरहेका छन्। तर, यसवर्ष उनको बारीमा पनि आँप न्यून मात्रामा फलेको र तरकारी निलगाईले हुन दिएको छैन। सानो आँपको रुख भएको आँप निलगाईले खाने गरेको उनले बताए। लागत जति पनि उत्पादन नभएपछि घरमा तरकारी खान समस्या भएको उनले सुनाए। निलगाईबाट आजित भएपछि हालै उनले ५ कट्ठा जमिनमा तरकारी खेती गर्न चार लाख खर्चेर 'बाउन्ड्री वाल' गरेका छन्। 'बाँदर हुँदा बाँसको घेराले पनि पुग्थ्यो। तर, निलगाईले त्यसलाई भत्काएरै बाली खाइदिन्छ,' उनले भने, 'निलगाईले त सहनै नसक्ने दुःख दिएको छ।'

६५ वर्षीया कागतीदेवी पनि निलगाईबाट आजित छिन्। एक साताअघि मात्रै तयार भएको तीन कट्ठाको घिरौंला निलगाईले खाइदिएको उनले बताइन्। जोगिनका लागि उनले पनि गत वर्ष घरमा तरकारी खानलाई एक लाख खर्चेर काँडे खम्बासहितको घेरा लगाएकी छन्। 'रातभरि खेत रेखदेख गर्नुपर्ने कुरा भएन,' उनले भनिन्, 'जब मध्यरात हुन्छ समूह बनाएर निलगाई आउँछन् र सबै बाली खाइदिन्छन्।' सरकारले निलगाई भगाउने कुनै उपाय नखोज्दा उनी सरकारसँग आक्रोशित छिन्। वडाध्यक्ष विजयीकुमार महतोले निलगाई र बाँदर यहाँका किसानका लागि ठूलो टाउको दुखाइ बनेको बताए। भारतको मथुराबाट मानिस मगाएर ६ सय ५० बाँदर पक्रेर जंगलमा छाडिएको उनले सुनाए। तर, पनि केही मात्रामा बाँदर र एक सय ५० निलगाई यस वडामा रहेको उनको अनुमान छ। 'निलगाई नियन्त्रणका लागि घेरबारले मात्रै हुँदैन। न त समात्न नै मिल्छ,' उनी भन्छन्। बटेश्वर गाउँपालिका पशु विकास अधिकृत राम अवतार महतोले यहाँका किसान निलगाईबाट समस्यामा परेको बताए।

# अदालतले न्याय दियो, विपक्षीबाट कुटपिट र धम्की

राजविराज, २९ वैशाख। अदालतबाट न्याय पाएका सप्तरीको बोदेबरसाइन नगरपालिका–१ धनगढीका यादव परिवारमाथि विपक्षी र छिमेकीले कुटपिट गर्दै धम्की दिन थालेका छन्। गत बुधबार पनि सुजानदेवी यादवकी छोरीहरु १६ वर्षीया अम्बिकाकुमारी र १४ वर्षीया ललिताकुमारी कुटिएकी छन्। गम्भीर घाइते दुवैलाई सुजानदेवीले गजेन्द्रनारायण सिंह अस्पताल राजविराजमा ६ दिनदेखि उपचार गराइरहेकी छन्। चिकित्सकले 'सिटी स्क्यान' गराउन सुझाए पनि अस्पतालमा उपकरण बिग्रिएकाले उपचार रोकिएको छ। 'भएभरको पैसा उपचारमा खर्च भइसक्यो, अरु अस्पतालमा गएर 'सिटी स्क्यान' गराउन पैसा छैन,' ५५ वर्षीया सुजानदेवीले भनिन्, 'घरमा कमाउने पनि कोही छैन, अदालतको फैसला हाम्रो पक्षमा हुँदादेखि नै छिमेकीहरुले कुटपिट गर्दै आएका छन्, यसअघि पनि दुईपटक कुटपिट गरेका थिए।'

यसअघि कुटपिट हुँदा प्रहरी चौकी सिस्वा बेल्हीमा पञ्चायती बसेर उनीहरुलाई जरिवाना तिराउँदा समेत कुटपिट गर्न नछाडेको उनले दुखेसो गरिन्। उनका अनुसार छिमेकीहरु शम्भु मण्डलकी पत्नी सोमनीदेवी, उनकी छोरीहरु रम्भा र अनिता, स्व. मेदी मण्डलकी पत्नी गुञ्रीदेवी, बुहारी आरती र नाती राधिका तथा रामउद्गार र उनकी पत्नी लक्ष्मी मण्डलले छोरीहरुलाई कुटपिट गरेका छन्। 'प्रहरीले उद्धार गरेर अस्पतालमा भर्ना गराइदिएको छ, उपचारबाट फर्किएपछि अरु कुरा हुन्छ भनेको छ तर हामीलाई उपचार गराउन समस्या भइरहेको छ,' उनले भनिन्, 'जोगी बनेर निस्किनु भएको पति (खुशीलाल यादव) पनि लामो समयदेखि घर फर्किनुभएको छैन, उपचार कसरी गराउनु ?'

छिमेकी शम्भु मण्डल र स्व. मेदी मण्डलले सप्तरी जिल्ला अदालतमा सुजानदेवीका पति खुसीलाललाई विपक्षी बनाएर 'खिचोला मेटाई घर उठाई चलन' सम्बन्धी मुद्दा दायर गरेका थिए। २०७२ जेठ २६ गते सो मुद्दामा फैसला गर्दै न्यायाधीश तेजनारायण पौडेलले कित्ता नम्बर १६७ को ८ धुर गाउँब्लक जग्गामा रहेको घर पाताल भए वा उठाएर नलगेसम्म वादी (शम्भु र मेदी) को हक नलाग्ने ठहर गरेका थिए। फैसलापछि त्यहाँबाट आफूहरुलाई विस्थापित गर्न पटकपटक कुटपिट गर्दै धम्की दिन थालेको सुजानदेवीको भनाइ छ।

वडाध्यक्ष रवीन्द्रकुमार साहले कुटपिट भएको विषयमा जानकारी आए पनि स्पष्ट हुन नसकिएको बताए। 'कुनै पनि बहानामा कुटपिट गर्नु गलत हो,' उनले भने, 'थप बुझेर समाधानको लागि पहल गर्छु।' सप्तरीका एसपी ढकेन्द्र खतिवडाले कुटपिट गर्नेलाई नियन्त्रणमा लिएर कानुनी प्रक्रिया अघि बढाउन इलाका प्रहरी कार्यालय बोदेबरसाइनलाई निर्देशन दिएको बताए। 'नियन्त्रणमा लिइसकेपछि थप कानुनी प्रक्रिया अघि बढाउँछौं,' उनले भने।

# 'रामा यादव स्मृति पत्रकारिता पुरस्कार' झालाई

**प्रवीणकुमार शर्मा**

रौतहट, २९ वैशाख। रामा यादव स्मृति प्रतिष्ठान रौतहटले रामा यादव स्मृति पत्रकारिता पुरस्कार २०८२ प्राइम टेलिभिजनका जनकपुर संवाददाता चाँदनी झालाई प्रदान गर्ने घोषणा गरेको छ। स्वास्थ्य पत्रकारितामा उत्कृष्ट समाचार सम्प्रेषण गर्ने एक पत्रकारलाई हरेक वर्ष रामा यादव स्मृति पत्रकारिता पुरस्कार दिइँदै आएको आयोजक रामा यादव स्मृति प्रतिष्ठान रौतहटले जनाएको छ। पत्रकारिताका विभिन्न



विधामा सक्रिय रही सामाजिक रूपान्तरण र प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताका पक्षमा निरन्तर लाग्नुभएका पत्रकार झा २०७४ सालमा अप्पन टिभीबाट पत्रकारिता सुरुवात गरेको थियो।

पुरस्कारको राशि नगद २६ हजार १ रुपियाँ र सम्मान पत्र रहेको छ।

त्यसै गरी रामा यादव स्मृति पत्रकारिता पुरस्कार २०८१ बाराका पत्रकार शारदा पोखरेललाई प्रदान गर्ने निर्णय भएको रामा यादव स्मृति प्रतिष्ठान रौतहट जनाएको छ। २०७० सालदेखि पत्रकारिता गर्दै संचारमाध्यममा काम गर्दै आइरहेको छ। आइतबार आयोजित घोषणा कार्यक्रममा दुवै वर्षको पुरस्कारबाट पुरस्कृत हुने नाम घोषणा गरिएको हो। २०७८ वैशाख २८ मा कोरोनाका कारण दिवंगत सञ्चार उद्यमी रामा यादवको स्मृतिमा स्वास्थ्य क्षेत्रमा उत्कृष्ट समाचार सम्प्रेषण गर्ने एक जना सञ्चारकर्मीलाई हरेक वर्ष रामा यादव स्मृति पत्रकारिता पुरस्कार प्रदान गर्ने उद्देश्यले पुरस्कार स्थापना गरिएको रामा यादव स्मृति प्रतिष्ठानका संरक्षक जयप्रकाश यादवले जानकारी दिए।


## सावधानी अपनाबू, आइग लागै स बचू

गर्मी महिनामे आइग लागैके घटना सब बेसी है छै। तैके लागि सचेत रहनाइँ जरुरी छै।

१. सलाई, लाइटर जखा आइग लगैबाला सामान बच्चा सबसे दूर राखू। भन्सा कैरके आइग निक जखा बुताउ।
२. सम्भव हैछै त घर, औफिस और संवेदनशील ठाममे आइग मुझाबैवाला यन्त्र राखू।
३. आइग लाइग गेलापर हल्ला कैरके लोग सबके जानकारी कैरके सुरक्षित ठाममे जाउ।
४. घर भितरमे नई नुकाउ, बाहर निकैलके परिवारके सदस्य सबके साथ सुरक्षित स्थानमे जाउ।
५. धुवाँ भेल ठामसे पेटकुनियाँ पाइरके वा घुसकुनियाँ माइरके जाउ।
६. कपडामे आइग लाइग जाय त' नै दौडू, आइग मुझाके भागू।
७. पेट्रोल, मट्टीतेल जखा जल्दी आइग लागैवाला चीज बच्चा सबसे दूर राखू।
८. आइग नियन्त्रणके लागि त वारुणयन्त्र पाइनवाला गडी और १०० नम्बरमे पुलिसके फोन करू

मधेश प्रदेश सरकार
आमसञ्चार प्राधिकरण


### ढोढनाको राजदेवी...

मनोकांक्षा पूरा हुने श्रद्धालुहरू बलि चढाउन र पूजाअर्चना गर्न आउने गरेको उनले बताए।

मनोकांक्षा पूरा भएपछि भाकलअनुसार पूजा गर्न पूर्णिमाको दिन बिहान सबेरैदेखि मन्दिरपरिसर र वरिपरिका खेतहरूमा हजारौँ दर्शनार्थीको भिड लाग्ने गर्छ। श्रद्धालुहरूले आ–आफ्नो भाकलअनुसार परेवा, हाँस, कुखुरासमेत चढाउने गरेको समितिले जनाएको छ। मेलाको सुरक्षा व्यवस्थाका लागि नेपाल प्रहरी र सशस्त्र प्रहरी बलसँग समन्वय गरी प्रहरी परिचालन गरिएको स्थानीयसमेत रहेका लहान–१५ का वडाध्यक्ष तेजनारायण चौधरीले बताए। त्यसबाहेक मन्दिरपरिसरमा करिब पाँच सयको संख्यामा स्वयंसेवक परिचालन गरिएको उनले बताए। उनका अनुसार मन्दिरवरिपरिका थारू बहुल बानो, खोरिया टोलसहित आठवटा गट्टीअन्तर्गत पर्ने ढोढना, शोभापुर, वीरनगरलगायतका गाउँहरूमा आदिवासीहरू आफूलाई बुद्धकै वंशज दबी गर्छन्। मन्दिरमा पशुपछीको बली दिन सिरहा, सप्तरी, उदयपुर, सुनसरी, मोरङ, धनुषासहित छिमेकी मुलुक भारतको बिहार राज्य अन्तर्गत उत्तरी क्षेत्रका दर्शनार्थीहरू चण्डी पूर्णिमाको अघिल्लो मध्यरातदेखि नै पूजाका लागि लाम लाग्ने गर्छन्।

### वार्षिक ४० भन्दा लाख बढी दक्षिणा संकलन

मधेश प्रदेशमा गढीमाईपछि सबैभन्दा बढी बलि दिइने मन्दिरको रूपमा रहेको राजदेवी पञ्चावती मन्दिरमा चण्डी पूर्णिमाको दिन लाग्ने विशेष मेलासहित हरेक दिनजसो आउने भक्तजनले चढाएको दक्षिणा रकम ४० लाखभन्दा बढी संकलन हुन थालेको मन्दिर विकास समितिका सचिव चौधरीले बताए। उनका अनुसार त्यसरी संकलन भएको दक्षिणा रकमको ६० प्रतिशत मन्दिरको भौतिक पूर्वाधार विकास र ४० प्रतिशत अन्य सामजिक कार्यमा लगाउने गरिएको छ। मुख्य मन्दिरको वरपर करिब सात बिघा जग्गा रहेको मन्दिरपरिसर बाहिर आफ्नो जग्गामा राजदेवी दह निर्माणसहित सौन्दर्यीकरण भइरहेको समितिले जनाएको छ। समितिका अनुसार मन्दिरको धर्मशाला निर्माणका लागि सिराहा–३ का प्रतिनिधिसभा सदस्य लीलानाथ श्रेष्ठको पहलमा १० लाख, सिराहा १ (क) का मधेश प्रदेश सभा सदस्य राजेन्द्रप्रसाद चौधरीको निर्वाचन विकास कोषबाट २५ लाख र पूर्व प्रदेश सभा सदस्य लगनलाल चौधरीले १२ लाख रुपैयाँ सहयोग गरेपछि करिब पाँच सयजना क्षमताको सभा हल र धर्मशालासमेत निर्माण भइसकेको छ।

### ध्रुव कन्स्ट्रक्सनका...

यस्तै मूल्य अभिवृद्धि कर विवरण र आय विवरण दाखिला नगरेको, मूल्य अभिवृद्धि कर तथा आयकरतर्फ झुट्टा विवरण पेश गरेको, मालसामान खरिदको स्रोत पुष्टि नभएको तथा नेपाल सरकारलाई नियमानुसार तिर्नु बुझाउनुपर्ने मूल्य अभिवृद्धि कर तथा आयकरलगायतका राजस्व नतिरेको विभागको आरोप छ।

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक/सम्पादक** : कमलेश कुमार यादव, **सह–सम्पादक** : सत्य नारायण चौधरी, **प्रबन्धक** : नविन यादब, कानुनी सल्लाहाकार :कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले–आउट : मार्गानुगामी दैनिक कार्यालय** : गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail :* mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक** : न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)